बैठक नं.४

आज मिति २०७९/०५/२९ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : विहान ७:३० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका सभाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन मगर | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | टेकराज पन्थी | प्रमुख प्रशासकीय अधिकृत | |

सूर्य बहादुर कार्की - का.वा.वडाध्यक्ष - ९

कुल प्रसाद रमताल - का.वा.वडाध्यक्ष - १५

प्रस्ताव नं.४.१
मिति २०७९।०५।५ र १७ मा बसेको नगरकार्यपालिकाको तेस्रो वैठकबाट भएका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
निर्णय नं.४.१

- लुम्बिनी बस टर्मिनल भित्र बस टर्मिनल सेवा शुल्क असुली, टर्मिनल भित्र रहेका तोकिएका पसलहरुको दैनिक बहाल असुली सहित संचालन तथा व्यवस्थापनका लागि आ.व.०७९/०८० र ०८०/०८१ गरी दुई आ.व. का लागि न्युनतम ठेक्का अंक कायम गरी ठेक्का वन्दोवस्ती प्रकिया अगाडि बढाउने गरी निर्णय गरिएको र मिति २०७९।५।१४ मा ठेक्का वन्दोवस्तका लागि सूचना समेत प्रकाशित भएको ।
- बुटवल उपमहानगरपालिका वडा नं.१५ स्थित कर्साघाटमा निर्माणका लागि प्रस्तावित आधुनिक प्रविधियुक्त कृषि उपज थोक बजार आयोजना प्राथमिकता प्राप्त आयोजना भएको हुँदा आवश्यक कागजात सहित सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सहमतिका लागि लेखि पठाएको ।
- आर्थिक कार्यसंचालन निर्देशिका, २०७८ माथि दोस्रो संशोधन गर्ने निर्णय भए बमोजिम संशोधन भई राजपत्रमा प्रकाशित गरी कार्यान्वंयन समेत भएको ।
- बार्षिक कार्य संचालन तालिका स्वीकृत गरिएको ।
- बार्षिक खरिद योजना स्वीकृत गरी कार्यान्वयन भएको ।
- कर्मचारी दरवन्दी कटौतीका सम्बन्धमा संगठन विकास सर्भेक्षण गरी आवश्यकता र औचित्यताको आधारमा दरवन्दी एकिन गरी नगरसभाबाट स्वीकृत गरी मात्र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने निर्णय भएको र उक्त निर्णयको दफा उतार गरी पठाइएको ।
- कर्मचारी विधेयक, २०७९ राय परामर्शका लागि प्रदेश लोकसेवा आयोग लुम्बिनी प्रदेश बुटवलमा लेखि पठाइएको छ ।
- आ.व.०७८/०७९ को बार्षिक रुपमा सम्पादित कार्यहरुको जिन्सी निरीक्षण प्रतिवेदन जानकारीमा लिइएको ।
- वडा नं.१२,१३,१४,१६ र १९ अन्तर्गतका ब्लक छुट्याउने कार्य सम्पन्न भएका ब्लकहरुको नाप नक्शांकनको प्रकिया अगाडि बढाउन राष्ट्रिय भुमि आयोग, जिल्ला समितिमा अनुरोध गरी पठाइएको ।
- September 20th-23rd मिति २०७९।६।४ देखि २०७९।६।७ सम्म क्वालालम्पुर मलेशियामा हुने The 9th City Net Congress मा भाग लिन जाने गरी प्रमुखज्यूलाई मनोनयन गरिएको ।
- सडक अवरोध दस्तुर उठाउने अधिकार वडा कार्यालयहरुलाई दिने गरी अधिकार प्रत्यायोजन गरिएको ।
- प्रमुखज्यूको संयोजकत्वमा ठेला व्यवस्थापन र उपप्रमुखज्यूको संयोजकत्वमा ईरिक्सा व्यवस्थापन गर्ने गरी कार्यदल गठन गरिएको ।
- व्यवसाय दर्ता प्रकियालाई वडा कार्यालय मार्फत अभियानको रुपमा लैजाने गरी निर्णय गरिएको ।
- सडक बत्ती व्यवस्थापनका लागि मापदण्ड तयार गरिएको ।
- १ नं. वडा कार्यालय स्थानान्तरणका लागि सहमति दिइएको ।

- उपमहानगर क्षेत्रभित्रका भुमिहिन दलित, भुमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीहरुको लगत राष्ट्रिय भुमि आयोगद्वारा उपलब्ध गराइएको कम्प्युटर सफ्टवेयरमा प्रविष्टिका लागि आवश्यक व्यवस्था गरिएको ।
- वडा नं.२,८,११ र १९ का अव्यवस्थित ब्लक छुट्याउने, कार्य सम्पन्न भएका जग्गाको नापनक्शांकन प्रकिया अगाडि बढाउनका लागि भुमि आयोग रुपन्देहीमा लेखि पठाइएको ।
- वडा नं.१३,१८ र १९ का २२ परिवारहरुको तथ्याङ्क सदर गरी अव्यवस्थित बसोवासीको प्रमाणीकरण गरिएको ।
- एशियाली विकास बैंक मार्फत जापान सरकारको अनुदान (JFPR GRANT) सहयोगमा निर्माण हुने बहुउद्देश्यीय भवन निर्माणका लागि वडा नं.१३ मा ३ कठ्ठा र वडा नं. १७ मा ३ कठ्ठा जग्गा उपलब्ध गराउने गरी निर्णय भएको ।
- वडा नं.१२ स्थित कलुवामा रहेको कि.नं. ९२ को नापीको फिल्डवुकमा नदी उकास जनिएको जग्गा मध्ये ०-१७-१० (सत्र कठ्ठा दश धुर) जग्गा राष्ट्रिय सूचना प्रविधि केन्द्रलाई उपलब्ध हुनका लागि निर्णय गरिएको ।
- विद्युतीय रिक्सा व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७६ माथि संशोधन गरिएको ।
- विपद् व्यवस्थापन समितिको २०७९ भाद्र मसान्तसम्मका लागि म्याद थप गरिएको ।

**प्रस्ताव नं.४.२**

**वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिलाई नै जाँचपास तथा फरफारक सम्बन्धी अधिकार दिने सम्बन्धमा ।**

**निर्णय नं.४.२**

यस बुटवल उपमहानगरपालिकाबाट स्वीकृत रु.२० लाख रुपैया वा सो भन्दा कम लागत अनुमान भई वडा कार्यालयबाटै टिप्पणी स्वीकृत, सञ्चालन एवं कार्यान्वयन भई सम्पन्न समेत भएका पूर्वाधार विकास सम्बन्धी आयोजनाहरुको जांचपास तथा फरफारक सम्बन्धी कार्य, योजना तथा कार्यक्रम कार्यान्वयन कार्यविधि ,२०७४ बमोजिम गठित वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिलाई नै अधिकार प्रत्यायोजन गरी सो समितिको निर्णय र प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन तथा प्राविधिक पुष्ट्याई समेतका आधारमा वडाको सिफारिस बमोजिम भुक्तानीको व्यवस्था गर्ने र सो सम्बन्धी कामको पूर्ण जवाफदेहिता वडा कार्यालयमा नै रहने निर्णय गरियो ।

**प्रस्ताव नं.४.३**

**२० लाखसम्म लागत अनुमान भएका स-साना आयोजना समेत वडा कार्यालयबाटै सम्झौता गरी कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिने सम्बन्धमा ।**

**निर्णय नं.४.३**

यस बुटवल उपमहानगरपालिकाबाट स्वीकृत आयोजनाहरु मध्ये वडास्तरीय कार्यक्रम अन्तर्गतका योजनाहरुको सञ्चालन तथा कार्यान्वयन **वडा कार्यालयबाट हुने आर्थिक कारोवार सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६** बमोजिम वडा कार्यालयबाटै भई आएको र नगरस्तरीय स्वीकृत बजेट तथा कार्यक्रमहरुमध्ये स्थानीयको माग, आवश्यकता र औचित्यतालाई दृष्टिगत गरी रु. २० लाखसम्म लागत अनुमान भएको स-साना आयोजना पनि **वडा कार्यालयबाट हुने आर्थिक कारोवार**

सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि , २०७६ बमोजिम वडा कार्यालयहरुबाटै सम्झौता गरी कार्यान्वयन गर्ने अधिकार वडा कार्यालयहरुलाई प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.४.४**

**ठेक्का नं. १८/०७७०७८ को सम्झौता अन्त्य गर्ने सम्बन्धमा ।**

**निर्णय नं.४.४**

बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय बुटवलको आ.व. २०७७०७८को बुटवल उपमहानगरपालिका वडा नं. १२ स्थित शहरी स्वास्थ्य केन्द्रको भौतिक पूर्वाधार स्तरोन्नतीको बोलपत्र आव्हान अनुसार (ठे.नं. १८/०७७/०७८ ) यस कार्यालय र वंशिका निर्माण सेवा,मंगलसेन -०५ अछाम वीच भएको सम्झौता बमोजिमको कार्य निर्माण व्यवसायीले नगरेको हुंदा ऐनको दफा ५९ को उप दफा (८) बमोजिम निजले सम्झौता हुंदाको बखत पेश गरेको कार्य सम्पादन बैंक जमानत वापतको रकम जफत गरी हालसम्म भएको कामको मात्र मूल्यांकन गरी मूल्यांकन बमोजिमको रकम भुक्तानी गरी उक्त खरिद सम्झौता रद्द गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.४.५**

**अनुमोदन सम्बन्धमा ।**

**निर्णय नं.४.५**

क्षेत्रीय शहरी विकास आयोजना, आयोजना समन्वय कार्यालय,बबरमहल काठमाडौंको च.नं. ४८९ मिति २०७९।०२।१० गतेको पश्चिम शहरी कोरिडोरको (WUC) विस्तृत आयोजना प्रतिवेदन (DPR) सम्बन्धी पत्र प्राप्त भएको । तत् सम्वन्धमा लुम्बिनी प्रदेशको मुकाम एंव व्यापारिक केन्द्रको रुपमा रहेको बुटवल शहर अत्यधिक बसाईसराइका कारणले तिब्र शहरीकरण उन्मुख रहेको हुंदा नागरिकको सेवा र सुविधालाई मध्यनजर राख्दै उपलब्ध साधन र श्रोतको अधिकतम परिचालन गर्दा समेत साधन र श्रोतको कमी भएकोले यस बुटवल उपमहानगरपालिकाबाट संचालन हुन नसकेका देहाय बमोजिमका आयोजनाहरुको Pre-Feasibility, Feasibility and Preparation of Detail Project Report अध्ययनको लागि क्षेत्रीय सहरी विकास आयोजना, आयोजना समन्वय कार्यालय, बबरमहल, काठमाडौंमा पठाउने गरी भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

| क.सं. | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | सडक, नाली, फुटपाथ, विद्युतीकरण र हरियाली सहित स्तरीय सडक निर्माण (१५० कि.मी.) | नगर क्षेत्रभित्र | |
| २ | पार्किङ्ग र चार्जिङ्ग स्टेशन सहितको बहुउद्देश्यीय भवन निर्माण | वडा नं. २, अटोभिलेज | |
| ३ | नगरकार्यपालिका कार्यालय परिसरभित्र अत्याधुनिक पाकिङ्ग सहित बहुउद्देश्यीय भवन निर्माण | वडा नं. ४ | |

**प्रस्ताव नं.४.६**

**नगरकार्यपालिकाको कार्यालयको O&M सर्वे गर्ने सम्बन्धमा ।**

**निर्णय नं.४.६**

यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुबाट सम्पादन एवं कार्यान्वयन हुने सेवा प्रवाहलाई थप व्यवस्थित र चुस्त बनाउनका लागि मिति २०७९।३।८ मा बसेको बुटवल उपमहानगरपालिकाको नगरसभाको एघारौ अधिवेशनको प्रथम बैठकबाट पारित नीतिको स्थानीय सेवा, जनशक्ति विकास व्यवस्थापन तथा सुशासन प्रवर्धन तर्फको बुँदा नं.२ मा मौजुदा जनशक्ति र संगठन संरचनाको परिमार्जन गरिनेछ । यसका लागि संगठन अध्ययन तथा व्यवस्थापन (O&M) सर्वेक्षण गर्ने र सोही नीतिको बुँदा नं. ३ मा O&M सर्वेक्षणको आधारमा दरवन्दी पुनरावलोकन गरिनेछ भनि उल्लेख भएको र O&M गर्न आवश्यक समेत भएको हुँदा O&M प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.४.७**

**राहत वितरण सम्बन्धमा ।**

**निर्णय नं.४.७**

बुटवल उपमहानगरपालिका वडा नं.११ स्थित तिनाउ नदी प्रभावित क्षेत्रका बस्तीहरुमा गत आ.व. मा आएको बाढीका कारण घरबाँसमा क्षति भै अन्यत्र भाडामा बसोवास गरेका परिवारहरुलाई सम्बन्धित वडाको सर्वदलीय समितिको बैठकको निर्णय र वडा कार्यालयको सिफारिस अनुसार तपसिल बमोजिमका व्यक्तिहरुलाई प्रति परिवार १५०००।- (पन्ध्र हजार मात्र) का दरले एकमुष्ठ रकम सामाजिक सहायता कोषबाट खर्च गरी वडा कार्यालयको नाममा उपलब्ध गराउने र वडा मार्फत भरपाई गरी राहत वितरण गरी सोको जानकारी उपमहानगरपालिकामा पेश गर्न लगाउने निर्णय गरियो । साथै वडा नं.३ का देहायका चार परिवारहरुलाई प्रति परिवार रु.२५०००।-(पच्चीस हजार मात्र) का दरले विपद व्यवस्थापन कोषबाट राहत सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

<u>तपसिल</u>

पवित्रनगर टोलविकास संस्था अन्तर्गत

१.रमेश भुलन

२.लाल बहादुर राना

३.कृष्ण राना

४.मिना थापा

५.दिपक गुरुङ्ग

६.प्रेम सिं थापा

शिवालय टोल विकास संस्था अन्तर्गत

१.विजय सुनार

२.सुस्मा मंगर

३.टोप बहादुर सारु

वडा नं.३

१.ओम प्रसाद पाण्डेय

२.तुल्सा न्यौपाने

३.डिल बहादुर विटालु

४सातिक श्रेष्ठ

४.लक्ष्मी परियार
५.श्याम पौडेल
६.बालिका नेपाली
७.रेखा वि.क.
८.धनिराम दंगोरिया
९.हिरालाल सुनार

टप मजुवा टोल विकास संस्था अन्तर्गत
१.हरिभक्त गाहा मगर
२.तारा बहादुर पंगेनी क्षेत्री

जम्मा १७ परिवार

**प्रस्ताव नं.४.८**
**अव्यवस्थित बसोवासीको जग्गा ब्लक छुट्याउने कार्य सम्पन्न भएका जग्गाको नाप नक्शांकन प्रकिया अगाडि बढाउने सम्बन्धमा ।**
**निर्णय नं.४.८**
बुटवल उपमहानगरपालिका क्षेत्रभित्रका भूमिहिन दलित, भूमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीहरुलाई व्यवस्थापन गर्ने उद्देश्यले वडास्तरबाट लगत संकलनको कार्य सम्पन्न भईसकेको छ । नगरका सबै वडाहरुका अव्यवस्थित क्षेत्रको बस्तीको तहगत क्षेत्र निर्धारण भई सकेकोले अव्यवस्थित क्षेत्रको नाप नक्शांकनको प्रकिया अगाडि बढाउने सन्दर्भमा यस कार्यालयमा कार्यरत प्राविधिक (सर्भेक्षक, अमिन) हरुबाट वडा कार्यालयसँगको समन्वयमा वडा नं. १,१५ र १६ अन्तरगतका तपशिल बमोजिमका ब्लकहरु छुट्याउने कार्य सम्पन्न भैसकेकोले प्राबिधिकहरुद्धारा पेश भई ब्लक छुट्याउने कार्य सम्पन्न भएका उल्लेखित वडाहरु अन्तरगतका तपशिल बमोजिमका ब्लकहरुको नाप नक्शांकनको प्रकिया अगाडि बढाउन राष्ट्रिय भुमि आयोग, जिल्ला समिति रुपन्देहीमा अनुरोध गर्ने निर्णय गरियो ।

| क.सं. | वडा नं. | ब्लक नं. |
|---|---|---|
| १ | १ | १,२,३ |
| २. | ११ | १६,१७ |
| ३ | १२ | २,३,४,५,६,७,८,९,१०,११,१२,१३,१४,१५,१६,१७,१९,२०,२१,२२,२३,२४,२६,२७,२९, ३०,३१,३२,३३,३४,३५,३६,३७,३८,३९,४०,४१,४२ |
| ४ | १५ | १,२,३,४,५,६,७,८ |
| ५ | १६ | १,२,३,४,५,६,७,८,९ |

प्रस्ताव नं.४.९

हाटवजार संचालन तथा व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं.४.९

बुटवल उपमहानगरपालिका क्षेत्रभित्र संचालन भैरहेका देहाय बमोजिमका हाटवजारहरुको संचालन तथा व्यवस्थापनका लागि न्यूनत्तम ठेक्का निर्धारण गरी बुटवल उपमहानगरपालिकाको आय ठेक्का वन्दोवस्ती गर्ने सम्वन्धी नियमावली,२०७६ बमोजिम हाटवजारहरुको संचालन तथा व्यवस्थापनको आय ठेक्का वन्दोवस्तीको प्रकिया पुरा गरी अगाडि बढाउने निर्णय गरियो ।

| सि.नं. | हाटवजार लाग्ने वार | | कवुल अंक २ आ.व.का लागि | २ आ.व.को लागि न्यूनतम ठेक्का अंक(सरकारी कर वाहेक) |
|---|---|---|---|---|
| १ | वडा नं. ५, अमरपथ | मंगलवार, बुधवार, शुक्रवार र शनिवार | १,१०,२२,००० | १,१०,२२,००० |
| २ | वडा नं.७ दिपनगर | सोमवार र विहीवार | २०,०१,०००।०० | २०,०१,०००।०० |
| ३ | वडा नं.११ देविनगर | मंगलवार र शुक्रवार | ११,७०,०००।०० | ११,७०,०००।०० |
| ४ | वडा नं. १७, मोतीपूर, रानीगन्ज | आईतवार र बुधवार | ६,३२,००० | ६,३२,०००।- |
| ५ | वडा न.१२, नयागाउं | आईतवार र विहीवार | ९५५०००।०० | ९५५०००।०० |
| ६ | वडा नं. १५, सेमलार | शुक्रवार | ८०५००।०० एक वर्षको | १६१,०००।- |
| ७ | वडा नं १८,पोखरावारी | विहीवार | ३९४००।०० एक वर्षको | ७८८००।- |
| ८ | वडा नं.११ दुर्गानगर,मजुवा | सोमवार | १४४०००।०० एक वर्ष | २८८०००।- |

**प्रस्ताव नं.४.१० विविध ।**

**प्रस्ताव नं.४.१०.१**

**सहमतिको लागि लेखी पठाउने सम्बन्धमा ।**

**निर्णय नं.४.१०.१**

बुटवल उपमहानगरपालिका वडा नं.२ स्थित पुष्पनगरसिंह टोल, तल्लो फुलबारी हुदै जितगढी नहर अटो भिलेज क्षेत्रसम्मको खोलामा, वडा नं.३ को मितेरी पुल देखि बुटवल टेक्निकल ईन्स्टिच्युटसम्म र वडा नं.४ आदर्शनगर देखि माथिका चुरे क्षेत्र हुँदै बग्ने खहरे खोला तथा खोल्सीहरुमा चुरे क्षेत्रबाट बग्दै आउने ढुङ्गा माटो गग्रेटोजन्य पदार्थले सो खोल्सीहरु भरिदा बर्षायाममा आउने भेलपानी बस्तीका घरहरुमा पसी ठुलो क्षति पुर्‍याउने भएकाले सो खोल्सीमा थुप्रिएको माटो ढुङ्गा गेग्रेटोजन्य पदार्थ हटाई बस्ती क्षेत्रलाई सुरक्षित गराउन र खोला खोल्सीको बहाव ब्यवस्थित गर्न अति आवश्यक देखिएकोले सो कार्य जिल्ला प्रशासन कार्यालय, रुपन्देही र राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिसँग समन्वय गरी प्राकृतिक स्रोत तथा सम्पत्ति ब्यवस्थापन शाखाबाट प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.४.१०.२**

**प्रादेशिक बसपार्क निर्माणका लागि जग्गा माग सम्बन्धमा ।**

**निर्णय नं.४.१०.२**

यस बुटवल उपमहानगरपालिकाको वडा नं.९ मा हाल रहेको लुम्बिनी बस टर्मिनल सानो भई यातायातका साधनहरु आवतजावत र व्यवस्थापनमा बाधा पर्न गएको हुँदा वडा नं.७ र ८ मा पर्ने

ावनगर सामुदायिक वन उपभोक्ता समुहको संरक्षणमा रहेको जग्गा मध्ये देहायको चौकिल्ला भित्रको ा.वि.२५-०-० (पच्चीस विगाहा) जग्गामा हरियाली सहितको प्रादेशिक बसपार्क निर्माण गर्न आवश्यक मेत भएको र वडा स्तरीय सर्वदलीय बैठकको सहमति सहित वडा कार्यालय वडा नं.७ को च.नं.३७३ मति २०७९।५।२२ को पत्रबाट र श्री शिवनगर सामुदायिक वन उपभोक्ता समुह बुटवल ७,८,९ र ११ को त्र.नं.०६ मिति २०७९।५।२६ को पत्रबाट समेत सहमति प्राप्त भई आएको र उक्त आयोजना प्राथमिकता ाप्त नगरको गौरवको आयोजना समेत भएकोले जग्गा प्राप्तिका लागि संघीय सरकारका सम्बन्धित नेकायहरुमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

पूर्व : भनभने खोला र देवदह सिमाना ।
पश्चिम : खानेपानी ट्याङ्की ।
उत्तर : सुखौरा खोला र भनभने खोला ।
दक्षिण : पूर्व पश्चिम लोकमार्ग

**प्रस्ताव नं.४.१०.३**
**हाटबजारको संचालन तथा व्यवस्थापन सम्बन्धमा ।**
**निर्णय नं.४.१०.३**
बुटवल उपमहानगरपालिका वडा नं.१९ अन्तर्गत रानीबारी गौडीमा संचालनमा रहेको हाटबजार बुटवल उपमहानगरपालिकाको आर्थिक ऐन, २०७९ बमोजिम विभिन्न प्रकृतिका व्यवसायहरुको तोकिएको बैठकी कर/दस्तुर वापत असुली भएको राजश्व रकम नगरपालिकाको संचित कोषमा दाखिला गर्ने कार्य र हाटबजार क्षेत्र तथा शौचालयको सरसफाई समेतको वन्दोवस्ती १९ नं. वडा कार्यालय मार्फत मिति २०७९।०६।०१ गतेदेखि मिति २०८० आषाढ मसान्तसम्मका लागि व्यवस्थापन गर्ने गरी आवश्यक प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.४.१०.४**
**कार्यक्रम संचालन एवं कार्यान्वयन सम्बन्धमा ।**
**निर्णय नं.४.१०.४**
बुटवल उपमहानगरपालिकामा स्थायी बसोवास गरेका मानिसमा हेमोफोलियाको शंका लागि डाक्टरको सिफारिस बमोजिम ल्यावटेष्ट गराई ल्यावको रिपोर्टमा हेमोफोलिया प्रमाणित भएमा ल्याव परीक्षण शुल्कको ५० प्रतिशत रकम बुटवल उपमहानगरपालकाले व्यहोर्ने र अस्पतालको रिपोर्ट, डाक्टरको प्रेसक्रिप्सन र ल्यावमा हेमोफोलिया प्रमाणित भएको कागजात र नागरिकताको प्रतिलिपि, वडाको सिफारिस सहित निवेदन पेश गर्ने गरी कार्यान्वयन प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.४.१०.५**
**बजेट व्यवस्था सहित योजनाको म्याद थप सम्बन्धमा ।**
**निर्णय नं.४.१०.५**
गत आ.व. २०७८।०७९ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत ठेक्का प्रकिया मार्फत कार्यान्वयन भएका तर विभिन्न कारणले सम्पन्न हुन नसकेका देहाय बमोजिमका अधुरा /- कमागत योजनाहरुका सम्बन्धमा मिति

२०७९।०५।२७ मा बसेको पूर्वाधार विकास समितिको बैठकबाट गत आ.व.मा सम्झौता भई भुक्तानी हुन बांकी योजना तथा कार्यक्रम भुक्तानीका लागि र पूजिगत भैपरि शीर्षकमा विनियोजित रकम मध्येबाट व्ययभार हुने गरी म्याद थप हुन नगरकार्यपालिकालाई सिफारिस गर्ने भनी निर्णय समेत भएको हुंदा देहायका योजनामा थप बजेट उल्लेखित खर्च शीर्षकबाट व्ययभार हुने गरी म्याद थप गर्ने निर्णय गरियो ।

| .नं. | ठे.नं. | आयोजनाको नाम/स्थल | ठेक्का कबोल अंक | हालसम्म भुक्तानी रु. | भुक्तानी दिन बाकीं रु. | आ.व.०७९/०८० मा बजेट व्यवस्था | थप बजेट | कार्य सम्पन्न गर्नुपर्ने मिति | म्याद थप |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १३/०७८/०७९ | वडा नं. ११ स्थित रंगशाला मार्ग फुटपाथ नाली सहित सडक विस्तार कार्य | ६७०१४६१०।१६ | २४०००६५४।९९ | ४३०१३९५५।१७ | १००००००००।०० | ३३०१३९५५।१७ | ०७९।०३।१५ | ०७९।०८।३० |
| २ | २७/०७८/०७९ | वडा नं.११ रंगशालामार्ग नाली तथा फुटपाथ सहित सडक पिच निर्माण कार्य | २३२४८१८६।१९ | २००००००।०० | २१२४८१८६।१९ | ०।०० | २१२४८१८६।१९ | ०७९।३।१५ | ०७९।०९।१५ |
| ३ | २८/०७८/०७९ | वडा नं.११ देविपथ नाली तथा फुटपाथ सहित सडक पिच निर्माणे दोश्रो चरण कार्य | १०८८५६९५।५९ | १५०६८२१।९५ | ९३७८८७३।६४ | ०।०० | ९३७८८७३।६४ | ०७९।३।१५ | ०७९।०९।१५ |

**प्रस्ताव नं.४.१०.६**

**सडक बत्ती सम्बन्धमा ।**

**निर्णय नं.४.१०.६**

बुटवल उपमहानगरपालिका अन्तरगतका वडा कार्यालयहरुबाट प्राप्त लगत र पूर्वाधार विकास समितिको सिफारिस समेतका आधारमा सडक वत्ति जडान तथा मर्मत कार्यका लागि टोल विकास संस्थाको नाममा प्रति पोल रु. ५००।०० का दरले वडा कार्यालय मार्फत टोल विकास संस्थाहरुलाई बार्षिक अनुदान स्वरुप उपलब्ध गराउने व्यवस्था मिलाउनुका साथै मूख्य सडक(हाईवे सडक) र चोक चौराहमा कार्यालयको तर्फबाट स्थलगत निरीक्षण गरी आवश्यकता बमोजिम प्राविधिकको सिफारिसमा सोहि वजेट शीर्षकको बांकी रकमबाट सडक वत्ति व्यवस्थापन गर्ने गरी कार्य प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

| वडा नं. | टोल वि.को संख्या | साविकको पोल संख्या | हाल रहेको पोल संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ५ | १८४ | १९१ | |
| २ | १२ | ३०५ | ३२५ | अटोभिलेज वाहेक |
| ३ | १२ | ५३० | ५३५ | |
| ४ | १३ | ४९५ | ५१३ | |
| ५ | ५ | १७५ | २६२ | ८७ वटा ५० वाटका ठूला वत्तीहरु |
| ६ | ८ | २९५ | ३४३ | |
| ७ | १७ | ३४१ | ३५४ | |

| | | | | |
|---|---|---|---|---|
| ८ | १९ | ६१० | ६५३ | |
| ९ | १३ | ५१६ | ५२३ | |
| १० | १० | ४५८ | ५५९ | |
| ११ | ६१ | ३२१० | ३५५४ | |
| १२ | २३ | १०९० | १६०५ | |
| १३ | २५ | १३९४ | १६८२ | |
| १४ | १५ | ५९८ | ९५८ | |
| १५ | १४ | ५९८ | ११९५ | |
| १६ | ८ | ५९८ | ६६१ | |
| १७ | १३ | ७५० | १०३१ | |
| १८ | ८ | २८४ | ४०१ | |
| १९ | १२ | ७१९ | ११३४ | |
| | जम्मा | १३१५० | १६४७९ | |

**प्रस्ताव नं.४.१०.७**

**सहयोग सम्बन्धमा ।**

**निर्णय नं.४.१०.७**

बुटवल उपमहानगरपालिका वडा नं.३ चिडियाखोला निवासी विष्णु प्रसाद भट्टराईको प्राप्त निवेदन अनुसार निजको छोरा रोहन भट्टराई सानै देखि प्रतिभावान र जेहेन्दार छात्र भएको र उनले कक्षा ७ मा पढ्दा देखि नै ड्रोन निर्माण गरी उडाएका साथै १९ औं अन्तर्राष्ट्रिय कम्प्युटर ओलम्पियाडमा भारतको लखनउमा नेपालको तर्फबाट भाग लिई तेस्रो पदक जित्न सफल भएका, यसै गरी कक्षा १० मा पढ्दै गर्दा अन्तर्राष्ट्रिय जुनियर साइन्स ओलम्पियाडमा कतारमा भाग लिई आएको र हालै अगष्ट १४-२२ सम्म जर्जियाको कुतायसीमा हुने १५ औं अन्तर्राष्ट्रिय खगोल भौतिक विज्ञान ओलम्पियाडमा नेपालबाट सर्वोत्कृष्ट स्थान प्राप्त गरी नेपालको तर्फबाट प्रतिनिधित्व गरी भाग लिन जाने क्रममा निजलाई उक्त प्रतिस्पर्धामा सहभागिता जनाउनका लागि जान आउन र त्यहाँ बस्दा लाग्ने खर्चको व्यवस्थापनका लागि निजको आर्थिक अवस्था कमजोर भएको कारण उल्लेखित पृष्ठभुमिलाई मध्यनजर राखी प्रतिभाको कदर गर्दै प्रोत्साहन स्वरुप निजलाई रु.५१०००।- सामाजिक सहायता शिर्षकबाट सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं.४.१०.८**

**व्यवस्थापन सहयोग सम्बन्धमा ।**

**निर्णय नं.४.१०.८**

बुटवल उपमहानगरपालिका क्षेत्रलाई समेत कार्यक्षेत्र बनाई संचालनमा रहेको अन्तर्राष्ट्रिय कृष्णामृत संघ मार्फत मणिग्राम रुपन्देहीमा संचालित गौशालालाई बुटवल क्षेत्रमा रहेका छाडा चौपाया व्यवस्थापनका लागि छाडा चौपाया व्यवस्थापन शीर्षकबाट खर्च जनिने गरी रु.२०००००।-(दुई लाख मात्र) अनुदान सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं.४.१०.९
सहयोग सम्बन्धमा ।
निर्णय नं.४.१०.९
देहायका संघसंस्था एवं व्यक्तिहरुबाट देहायको प्रयोजनका लागि सहयोग माग भई आएको पत्र आजको बैठकमा प्रस्तुत भई छलफल हुँदा देहाय बमोजिमको सहयोग उपलब्ध गराउन मनासिव देखिएकोले विपद् व्यवस्थापन कोष र सम्बन्धित शीर्षकबाट देहायको सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

| क.सं. | संघसंस्था/व्यक्ति | प्रयोजन | रकम |
|---|---|---|---|
| १. | श्री सशस्त्र प्रहरी वल मोतीपुर | भवन निर्माण | रु.७ लाख (पूजीगत भैपरी शीर्षकबाट) |
| २. | श्री नृत्य निर्देशक संघ, नेपाल लुम्विनी प्रदेश कार्यसमिति बुटवल, रुपन्देही | कार्यक्रम सहयोग | रु.५१०००। |
| ३. | श्री नेपाल केमिकल सोसाइटी, लुम्बिनी प्रदेश कमिटी नेपाल | पाठ्यक्रम समीक्षा तथा अभिमुखीकरण कार्यक्रम | रु.५१०००। |
| ४. | श्री कृष्ण क्षेत्री बुटवल-८ | आर्थिक सहयोग | रु.५१०००। |
| ५. | श्री स्नेहा थारु बुटवल-६ | करेन्ट लागेकोले उपचार खर्च सहयोग | रु.५१०००। |
| ६. | श्री सूर्य प्रसाद श्रेष्ठ बुटवल-७ | उपचार खर्च सहयोग | रु.५१०००। |

प्रस्ताव नं.४.१०.१०
पारिश्रमिक सम्बन्धमा ।
निर्णय नं.४.१०.१०
यस बुटवल उपमहानगरपालिका क्षेत्रभित्र संचालनमा रहेका महिला शिल्पकलाहरुमा विगत लामो समयदेखि नै प्रशिक्षकका रुपमा शिक्षिकाहरु कार्यरत रहेको र निजहरुको मासिक पारिश्रमिक अत्यन्त न्यून रहेको हुँदा त्यस्ता शिल्पकलाहरुमा कार्यरत शिक्षिकाहरुको लागि मिति २०७९ असोज १ गते देखि लागु हुने गरी शिल्पकला शीर्षकबाट जनही मासिक रु.१३५००। (तेह्र हजार पाँच सय) का दरले पारिश्रमिक सुविधा उपलब्ध गराउने र सो विषय अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४.१०.११
इन्धन सहयोग सम्बन्धमा ।
निर्णय नं. ४.१०.११
सशस्त्र प्रहरी वल नेपाल फरवार्ड वेश बुटवल, रुपन्देहीको प.सं.०७९/०८०/३३ मिति २०७९।५।२३ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । उपमहानगरपालिका क्षेत्रभित्र विपदका घटनाहरु आगलागी, बाढी, पहिरो र नदीजन्य पदार्थको चोरी निकासी नियन्त्रण गर्ने कार्यक लागि गस्ती लगायतका कार्यक्रमहरुमा परिचालन गर्नुपर्ने र परिचालित समेत भएको हुँदा उक्त प्रहरी बललाई १०० लि. डिजल उपलब्ध गराउने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सवैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।